# नारायण वत्सको वैदिककालीन नारीको परिचयमा नारीको स्वरूप र सामाजिक भूमिका

**अमृता रेग्मी**
amritaregmi99@gmail.com

**लेखसार**

प्रस्तुत लेखमा नारायण वत्सको *वैदिककालीन नारीको परिचय* (२०८०) पुस्तकको आधारशिलामा वैदिककालीन नारीहरूका कथामार्फत त्यस समाजमा नारीको सामाजिक अवस्था र भूमिकाको निरूपण गरिएको छ । यसमा वैदिककालीन नारीको सामाजिक स्थान र भूमिकाको मूल्याङ्कन गर्न मानवशास्त्री मोर्गनका मान्यता अनुसरण गर्दै एङ्गेल्सले प्रस्तुत गरेको समाज विकासको चरण र यी चरणमा नारीको सामाजिक स्थान र भूमिकासम्बन्धी मान्यतालाई सैद्धान्तिक मान्यताका रूपमा अनुसरण गरिएको छ । कृतिमा रहेका तथ्यहरूको विश्लेषण र मूल्याङ्कनमा आधारित यो अध्ययन गुणात्मक प्रकृतिको छ । यस पुस्तकले मानवसमाजको आदिम युगमा सृष्टिको निर्माणकर्ताका साथै बुद्धिप्रदायक, ऐश्वर्यप्रदायक, सुरक्षण संहारकका रूपमा रहेर नारीहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए । यो तथ्यमार्फत वैदिककालीन समाजमा नारीको सामाजिक स्थान र भूमिका सर्वोच्च भएको चिन्तन प्रतिपादन गरेको छ । यस पुस्तकमा आएका वैदिककालीन नारीहरूका कथाहरूले त्यस समयमा शक्तिस्वरूपा ईश्वरीय नारीहरू महाकाली, महालक्ष्मी, महासरस्वती आदि रहेका थिए । उनीहरूका विविध स्वरूपहरू नै समाज सञ्चालनको प्रमुख शक्तिका रूपमा स्तुत्य रहेको चित्रण गरिएको छ । मानवीय रूपमा आएका नारीहरू पनि सामाजिक रूपमा सम्मानित नै रहेका थिए । तर उनीहरूको भूमिका एकनिष्ठ विवाहअन्तर्गतको पारिवारिक दायित्वनिर्वाहमा बढी केन्द्रित हुँदै गएको अवस्थालाई चित्रित गरेका छन् । यस कृतिमा प्रस्तुत नारी पात्रहरूका कथामार्फत वैदिककालीन समाजको अध्ययन गर्दा समाज विकासको आदिम युग मातृसत्तात्मक रहेको चित्रण गरिएको छ । यसबाट आर्थिक, सामाजिक, शैक्षिकलगायत सबै संरचनाको केन्द्रमा नारीहरू रहेको स्पष्ट हुन्छ । समाजमा क्रमशः

विकसित भएका विवाह र एकनिष्ठ पारिवारिक संरचनाको विकाससँगै समाज बिस्तारै पितृसत्तात्मक युगमा अगाडि बढेकाले नारीको सामाजिक, आर्थिक आदि स्थान र भूमिका खुम्चिँदै गएको अवस्थाको मूल्याङ्कन भएको छ ।

**शब्दकुञ्जी** : आनन्दस्वरूपिणी, ऐश्वर्यप्रदायक, पराशक्ति, सत्त्वमयी, साक्षात् ।

## विषय प्रवेश

प्रस्तुत अध्ययनको विषय नारायण वत्सको *वैदिककालीन नारीको परिचय* (२०८०) पुस्तकमा प्रस्तुत नारीको सामाजिक स्थान र भूमिकाको अध्ययन र विश्लेषण गर्नु रहेको छ । यस कृतिमा प्रस्तुत भएका नारीका कथाहरू विभिन्न वेदहरूमा र अझै विशेषगरेर *ऋग्वेद*मा प्रस्तुत भएका नारीका कथाहरू हुन् । वेदहरूलाई संसारकै प्राचीन ग्रन्थ मानिएको छ । यी ग्रन्थहरू समग्र मानवसमाजका लागि ज्ञानका साझा भण्डार हुन् । यी ग्रन्थमा प्रकृति, जीवनजगत्‌लगायत समाज विकासको अत्यन्तै प्राचीन अवस्थादेखि विकसित वैज्ञानिक समाजका दृष्यहरूसमेत समावेश भएका छन् । सम्पूर्ण ब्रह्माण्डको विपुल ज्ञानराशी समावेश भएका यी ग्रन्थहरूमा प्रयुक्त समाज र संस्कृतिका विविध आयामहरूका माध्यमबाट तत्कालीन समाजमा रहेको नारीको स्थान, उनीहरूको अवस्थाका साथै त्यस समाजमा उनीहरूका भूमिकाको अध्ययन र विश्लेषण गर्न सकिन्छ ।

यी ग्रन्थका ऋचाहरूले समाजविकासको सुरुवाती अवस्थामा नारीको सामाजिक स्थान, तिनीहरूको भूमिका, महत्त्व र आवश्यकता चित्रित गरेका छन् । यसका साथै समाज परिवर्तनको गतिसँगै सामाजिक रूपमा खस्कँदै गएको नारीको स्थान र भूमिका पनि प्रस्तुत गरेका छन् । *वैदिककालीन नारीको परिचय* कृतिमा नारी शब्दको व्युत्पत्तिगत अर्थबारे बृहत् विश्लेषणसहित इतिहासका विविध कालखण्डमा नारीहरूको सामाजिक स्थान, स्थिति र भूमिकाको अध्ययन गर्दै वैदिककालीन समाजका सत्र जना नारीहरूको जीवनकथा प्रस्तुत गरिएको छ । यी सत्र जना नारीहरूका कथाको अध्ययनबाट त्यस समाजमा नारीहरू आद्यशक्ति र सर्वोच्च शक्तिका रूपमा स्तुत्य रहेको स्पष्ट पारेका छन् । नारीलाई ऐश्वर्यप्रदायक शक्तिका रूपमा हेर्दै नारीका लागि पातिव्रत्य धर्म सबैभन्दा उत्तम धर्मका रूपमा स्थापित भएको सामाजिक अवस्थासम्मको चित्रण गरेको पाइन्छ ।

प्रस्तुत अध्ययनको उद्देश्य *वैदिकालीन नारीको परिचय* कृतिमा प्रस्तुत भएका वैदिक नारीहरूका जीवनकथाको अध्ययनबाट त्यस समयका नारीको सामाजिक अवस्था र स्थितिका विविध आयामहरूको विश्लेषण र मूल्याङ्कन गर्नु रहेको छ । यस कृतिमा समाज विकासको आदिम युगमा मातृसत्तात्मक समाज रहेको र समयक्रममा पुरुष शारीरिक रूपले बढी बलशाली र नारी कम बलयुक्त भएका कारणले सामाजिक भूमिका स्वतः रूपले पुरुषले प्राप्त गरेको उल्लेख गरिएको पाइन्छ । यस समयमा पनि नारीको सामाजिक स्थान उच्च रहेको तर समाज विकासको पछिल्लो चरणमा नारीहरू प्रताडित हुँदै गएको धारणा व्यक्त भएको छ । प्रस्तुत अध्ययनमा यस कृतिमा चित्रित वैदिककालीन नारीहरूका सामाजिक र पारिवारिक भूमिकाको विश्लेषणबाट तत्कालीन समाजका नारीहरूको सामाजिक भूमिका र योगदानको विश्लेषण गरिएको छ । यसका साथै उनीहरूका सन्दर्भमा प्रस्तुत तत्कालीन सामाजिक विचारधाराको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धान गुणात्मक प्रकृतिको रहेको छ । यसमा मूलतः प्राथमिक र द्वितीयक सामग्रीको उपयोग गरिएको छ । ती कृतिबाट तथ्यहरूको सङ्कलन गरी तिनको विश्लेषणका आधारमा निष्कर्ष निकालिएको छ । यस क्रममा अध्ययन गरिएको *वैदिकालीन नारीको परिचय* पुस्तक प्राथमिक सामग्री हो भने विश्लेषणका क्रममा सन्दर्भअनुसार प्रयोग गरिएका अन्य सामग्री द्वितीयक सामग्री हुन् । यी दुवै प्रकारका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस कृतिमा प्रस्तुत नारीशक्तिको उत्पत्ति

र विकाससम्बन्धी दृष्टिकोण,*वैदिकालीन नारीको परिचयमा* प्रस्तुत नारीका स्वरूपहरू, *वैदिकालीन नारीको परिचयमा* चित्रित नारीको समाजिक स्थान र भूमिकासहित तीनओटा सूचकहरूको निर्माण गरिएको छ । त्यसमध्ये कृतिमा प्रस्तुत नारीशक्तिको उत्पत्ति र विकाससम्बन्धी दृष्टिकोण र यहाँ प्रस्तुत नारीका स्वरूपहरूको अध्ययन गर्न पूर्वीय आध्यात्मिक चिन्तनको उपयोग गरिएको छ । कृतिमा चित्रित नारीको सामाजिक स्थान र भूमिकाको अन्वेषण गर्न मानवशास्त्री एल. एच. मोर्गनको खोजका आधारमा एङ्गेल्सले *परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति* पुस्तकमा प्रस्तुत गरेको समाज विकासको स्वरूपलाई उपयोग गरिएको छ । यी सूचकहरूमा आधारित रहेर कृतिको विश्लेषण र मूल्याङ्कन गर्नका लागि सोधमूलक नमुना छनोट विधिबाट पाठगत तथ्यहरू सङ्कलन गरिएको छ । यी सामग्रीहरूलाई निगमन पद्धतिका आधारमा विश्लेषण गरिएको छ । यस अनुसन्धानमा मूलतः पाठविश्लेषण विधिबाट अर्थापनमा पुगिएको छ ।

## वैदिककालीन नारीको परिचयमा नारीशक्तिको उत्पत्ति र विकाससम्बन्धी दृष्टिकोण

*वैदिकालीन नारीको परिचय* कृतिमा नारीशक्तिको उत्पत्तिका सम्बन्धमा पूर्वीय वैदिक दर्शनले प्रस्तुत गरेका मान्यताका आधारमा नारीशक्तिको उत्पत्ति भएको मान्यता प्रस्तुत गरिएको छ । पूर्वीय आध्यात्मिक दर्शनको मान्यताअनुसार धर्म, दर्शन, अध्यात्म, आचारविचार, रीतिरिवाज, नीति, विज्ञान, कला आदि सबै वेदद्वारा अनुप्राणित भएका हुन् (वत्स, २०८० ख, पृ.१७५) । यस चिन्तनले परब्रह्मले सूर्यको तेज, चन्द्रमाको शान्तपन, पृथ्वीको सहनशीलता, सागरको गम्भीरता, पर्वतहरूको दृढता, आकाशको विशालता, रूखहरूको त्याग जस्ता गुणहरू मिलाएर नारीहरूको सृष्टि गर्नुभएको हो भन्ने मान्यता प्रस्तुत गरेको छ (वत्स, २०८० क, पृ.१६) । पूर्वीय आध्यात्मिक ग्रन्थहरूमध्ये श्रुतिहरूमा बताइएअनुसार पहिले परमपुरुष एक्लो भएका कारणले भयभीत भएर उहाँले आत्मालाई पुरुष र स्त्री दुई भागमा विभाजन गर्नुभएको हो ।

मनुस्मृतिमा परब्रह्मले आफ्नो शरीर दुई भागमा विभाजन गरेर आधा भागबाट पुरुष र आधा भागबाट नारीको सृष्टि गर्नुभएको बताइएको छ । शतपथ ब्राह्मणको १३/२६/७ मा पत्नीलाई लक्ष्मीको स्वरूप बताइएको छ । मनुस्मृतिमा जहाँ नारीहरूको पूजा हुन्छ; त्यहाँ देवताहरू रमाउँछन् वा आनन्दित हुन्छन् भन्ने मान्यता व्यक्त भएको छ (वत्स, २०८० क, पृ.१३-१४) । यस कृतिमा नारीलाई शक्तिका रूपमा सृष्टि, समाज र मानव जीवनकी आधारशिलाका रूपमा अनादिकालदेखि उपासना गर्ने परम्परा रहेको छ भन्ने मान्यता प्रस्तुत भएको छ । नारीको उत्पत्ति र विकाससम्बन्धी यो दृष्टिकोण वैदिक दर्शनमा आधारित रहेको छ ।

*वैदिककालीन नारीको परिचयमा* नारीलाई शारीरिक रूपमा पुरुषभन्दा कम शक्ति भएका प्राणीका रूपमा चित्रित गरिएको छ । मानव सभ्यताको आदिम युग, ढुङ्गे युग र कृषि युगसम्म पनि नारीको सामाजिक स्थान उच्च रहेको थियो । मानव विकासका क्रममा जीवहरूको सिकार तथा ढुङ्गैढुङ्गा भएका चट्टानहरूका बिचमा बाटो बनाउनका लागि शक्तिसँगै बलको आवश्यकता पर्दथ्यो । त्यसै समयमा मानिसले पुरुषका तुलनामा नारीमा बलको शक्ति थोरै भएको अनुभूति गरेका हुनाले कठिन मानिएको काम पुरुषले र थोरै बलले हुने काम नारीले गर्न थालेको धारणाले नारीसम्बन्धी यही मान्यता प्रस्तुत भएको छ (वत्स, २०८० क, पृ.१७) । यो मान्यता नारी र पुरुषलाई हेर्ने मानवशास्त्रको *शक्तिको सिद्धान्त* (Strength theory) मा आधारित छ । जसले पुरुषलाई शारीरिक रूपमा शक्तिशाली र नारीलाई कम बल भएका मानवका रूपमा परिभाषित गरेको छ (विकीपिडीया) ।

पुस्तकमा प्रस्तुत भएको त्यस समयको घुमन्ते मानव समाजमा शारीरिक शक्ति थोरै भए पनि स्त्री पुरुषकी सहगामिनी र परिवारको अत्यन्तै महत्त्वपूर्ण आधारशीला बताउँदै यही मानवशास्त्रीय मान्यता अनुसरण गरेको देखिन्छ (वत्स, २०८० क, पृ.१७) । नारीलाई शारीरिक रूपमा पुरुषभन्दा कम शक्तिशाली छन् भन्ने मान्यतालाई भौतिकवादी

दर्शनले भने अस्वीकार गर्दछ । यसले शारीरिक तथा मानसिक शक्तिमा पुरुषको बराबरी भए पनि प्राचीनकालीन महिला त्यस बेला पुरुषभन्दा कमसल बनिन् । जब गर्भाधान, जन्म र सुत्केरीको अवधिमा तिनी सहयोग, टेवा तथा संरक्षणका लागि उनका सामु झुक्न बाध्य रहिन् भन्ने मान्यता प्रस्तुत गर्दछ (बेबेल, २०५९, पृ.३४) ।

यस दर्शनले नारीलाई शारीरिक र मानसिक रूपमा पुरुषसमान शक्तिशाली प्राणीका रूपमा हेर्छ । समाज विकासका क्रममा स्थापित भएको श्रम विभाजनको अवधारणाका साथै समाजमा स्थापित भएका एकल विवाह र निजी परिवारजस्ता संस्थाको उत्पत्ति र विकास नारीहरूलाई उत्पीडित तुल्याउने माध्यम भएको धारणा अघि सारेको छ (एङ्गेल्स, २०६४, पृ.१५७) । मानवशास्त्री एल. एच. मोर्गनले मानवजातिको इतिहास जङ्गली युग, बर्बर युग हुँदै सभ्य युगमा अगाडि बढेको मान्यता राखेका छन् । एङ्गेल्सले मोर्गनको यो खोजलाई स्वीकार गर्दै जङ्गली युगदेखि बर्बर युगको उन्नत चरणसम्म सामूहिक विवाह हुँदै हाडनाताको सम्बन्धमा आधारित विवाह र परिवार अस्तित्वमा रहेको छ । यसका साथै सभ्य युगको विकासको कारण एकनिष्ठ विवाहमा आधारित परिवारिक संरचना र समाज हो भन्ने मान्यता राखेका छन् ( एङ्गेल्स, २०६४, पृ.११५) । *वैदिककालीन नारीको परिचय कृति*मा समाज विकासका सन्दर्भमा मोर्गनका खोजमा आधारित रहेर एङ्गेल्सले प्रस्तुत गरेको मान्यता प्रस्तुत गरिएको छ ।

उपर्युक्त मान्यतालाई अनुसरण गर्दै आदिम युग र ढुङ्गे युगमा नारीको सामाजिक स्थान उच्च रहेको मान्यता प्रस्तुत गरिएको छ । कृतिमा प्रस्तुत भएको आदिम युग, ढुङ्गे युग, कृषि युगसम्म नारीहरूलाई महत्त्वपूर्ण मान्यता प्राप्त भइरह्यो भन्ने मान्यताले यही चिन्तनलाई नै अनुसरण गरेको देखिन्छ (वत्स, २०८० क, पृ.१७) । मानव सभ्यताका विकासमा कृषि युगसँगै नारीको सामाजिक स्थान र भूमिका कमजोर हुँदै गएको छ । त्यसका प्रमाणहरू रामायणकालीन समाजमा सीताले विनाअपराध अग्निपरीक्षा दिनुपरेको, गान्धारीले अन्धो जीवन बिताउनुपरेको, द्रौपदी जुवामा थापिनुपरेको सन्दर्भ यहाँ अगाडि सारिएको छ (वत्स, २०८० क, पृ.१८) । रामायणकाल र महाभारतकाल कृषियुगको सुरुवात भइसकेको समाज हो । यी ग्रन्थमा आएका नारीका सन्दर्भहरूले कृषि युगको सुरुवातसँगै समाजमा मातृसत्ताका स्थानमा पितृसत्ता स्थापित र विकसित भएको अवस्था प्रस्तुत गरेका छन् भन्ने मान्यता यस कृतिमा प्रस्तुत भएको छ ।

*वैदिककालीन नारीको परिचय*मा प्रस्तुत नारीका कथामा व्यक्त भएको सामाजिक अवस्थाको अध्ययनबाट वैदिककालले समाज विकासको लामो अवधिलाई समेटेको स्पष्ट देखिन्छ । यी कथामा आएका विभिन्न सन्दर्भले आदिम युग, ढुङ्गे युग र कृषि युगका विभिन्न अवस्थालाई चित्रण गरेका छन् । यसका साथै यिनले एकल विवाह र नारीहरूका लागि पातिव्रत्य धर्मको स्थापना भइसकेको सामाजिक संरचनालाई प्रतिनिधित्व गरेका छन् । यहाँ आएका कथामा नारीलाई आदिशक्ति र सर्वोच्च शक्तिका रूपमा उपासना गरिएको अवस्थाका साथै पतिव्रता बनेर पतिका सेवामा खटिएको उल्लेख भएको छ । त्यही कार्यलाई जीवनको प्रमुख लक्ष्य बनाएको अवस्थाको चित्रणले आदिम समयमा नारीको सामाजिक स्थान उच्च रहेको स्पष्ट हुन्छ । त्यसपछिको समयमा क्रमशः नारीको अस्तित्व क्षीण हुन गएको साथै नारीको सामाजिक स्थान खस्किँदै गएको अवस्था चित्रित गरेका छन् । वैदिककालको सुरुवाती अवस्थामा नारीहरू सामाजिक रूपमा स्तुत्य रहेको अवस्थाले आदिम युग र ढुङ्गे युगलाई प्रतिनिधित्व गर्दछ । समयक्रमसँगै मातृहरूको महानता पितृहरूले खोस्दै लगेको अवस्थाले कृषि युग अर्थात् आधुनिक युगको प्रतिनिधित्व गर्दछ ।

## वैदिककालीन नारीको परिचयमा चित्रित नारीका स्वरूपहरू

*वैदिककालीन नारीको परिचय*मा वैदिककालमा नारीहरू ईश्वरीय र मानवीय स्वरूपमा स्थापित रहेको सामाजिक अवस्था देखाइएको छ । यस पुस्तकमा प्रस्तुत भएका वैदिककालीन नारीका

जीवनकथाको स्रोत वैदिक ग्रन्थहरू नै हुन् र मूलतः ऋग्वेद नै हो भनिएको छ । यद्यपि ती कथाहरू कुन मण्डलको कुन सूक्तमा आधारित छन् भन्ने स्रोत भने खुलाइएको छैन (वत्स, २०८० क, पृ.३५) । यस कृतिमा सती, पार्वती, लक्ष्मी, सरस्वती, सावित्री, अदीति, कात्यायनी, शची, शतरूपा, देवहूति, सन्ध्या, अरून्धती, लोपामुद्रा, अनुसूया, प्रतिथेयी, शैव्या र अञ्जना गरी सत्र जना दैवीशक्ति र मानवीय शक्तिस्वरूपा नारीहरूका कथा प्रस्तुत गरिएको छ । यीमध्ये सती, पार्वती, लक्ष्मी, सरस्वती, सावित्री, अदीति, कात्यायनी, शची, सन्ध्यालगायत नारीलाई ईश्वरीय स्वरूपका नारीशक्तिका रूपमा चित्रित गरिएको छ। वैदिक ग्रन्थहरूमा यी नारीहरू साक्षात् आनन्दस्वरूपिणी आद्या प्रकृति, पराशक्ति, भौतिक सम्पत्तिकी अधिपति, प्रधानशक्तिलगायतका स्वरूपमा चित्रित भएका छन् ।

यी नारीहरूले त्यस समयमा नारीहरू ऐश्वर्यप्रदायक, संरक्षक, योद्धा र कल्याणकारी शक्तिका रूपमा समाजमा स्तुत्य भएको प्रमाण पेश गरेका छन् । त्यस्तै यस पुस्तकमा शतरूपा, देवहूति, अरून्धती, लोपामुद्रा, अनुसूया, प्रतिथेयीलगायत मानवीय स्वरूपका नारीका कथा प्रस्तुत भएका छन् । यद्यपि यी नारीहरूमा पनि दैवी गुणहरू भने रहेकै छन् । यी मानवीय स्वरूपका नारीहरू पनि शौर्य र शक्ति, बुद्धि, सचेतनालगायतले युक्त रहेका देखिन्छन् । मानवीय स्वरूपमा आएका यी नारीका कथाले सामाजिक, आर्थिक रूपमा स्वतन्त्र र सबल भएको अवस्थाका साथै पातिव्रत्य धर्मलाई सर्वोच्च स्थान दिइएको समाजको चित्र प्रस्तुत गरेका छन् ।

## वैदिककालीन नारीको परिचयमा ईश्वरीय नारीस्वरूप

*वैदिककालीन नारीको परिचय*मा ईश्वरीय भूमिकामा रहेका नारीका विभिन्न स्वरूपको चित्रण भएको छ । यहाँ नारीको पहिलो स्वरूपलाई आद्या शक्ति भनिएको छ । ब्रह्माका सत्, चित् र आनन्द रूप भएझैं शक्तिका पनि सर्वदंशकी, चिदंशकी र आनन्दंशकी तीन रूप रहेका छन् । यी तीन रूपलाई क्रमशः सम्धिनी, संवित् र ह्लादिनी शक्ति भनिएको पाइन्छ (चौलागाई, २०७७, पृ.२४४) ।

यस कृतिमा ईश्वरीय भूमिकामा रहेका शक्तिस्वरूपा नारीहरू संहारक, योद्धा, ऐश्वर्यप्रदायक, बुद्धिमता, धनशाली, वैवभदातृका रूपमा आएका देखिन्छन् । यहाँ सती, पार्वती, लक्ष्मी, सरस्वती, सावित्री, अदीति, कात्यायनी शचीलगायत ईश्वरीय स्वरूपका नारीशक्तिको चित्रण गरिएको छ । देवी सरस्वतीलाई पवित्र, धनप्रदायनी, सत्यमा लाग्न अभिप्रेरित गर्ने, शिक्षिका र ज्ञानप्रदायिनी मानिएको छ । यसका साथै देवीका शक्तिहरूकी उद्गमस्थलका रूपमा महालक्ष्मीलाई चित्रित गरिएको छ (वत्स, २०८० क, पृ.३७/६२) । यस समग्र जगत्की कारकस्वरूपिणी आद्यापराशक्तिका रूपमा रहेका महाकाली, महालक्ष्मी, महासरस्वतीका विविध गुणहरूबाट अन्य देवीहरूको निर्मिति भएको यथार्थले मानवजगत् निर्माणको प्रमुख आधार र स्रोतका रूपमा नारीशक्ति नै रहेको चिन्तन प्रस्ततु गरेको छ । यहाँ लक्ष्मीलाई भगवान्की सनातन शक्ति र सम्पत्तिकी अधिपति देवी शुद्ध सत्त्वमयी बताइएको छ । यिनका नजिकमा लोभ, मोह काम, क्रोधलगायतका दोषहरू जान सक्तैनन् । यिनी स्वर्गमा स्वर्गलक्ष्मी, राजाहरूकोमा राज्यलक्ष्मी, मनुष्यहरूका घरमा गृहलक्ष्मी, बनियाँकोमा वाणिज्यलक्ष्मी तथा युद्धमा विजय प्राप्त गर्नेहरूसँग विनयलक्ष्मीका रूपमा रहने बताइएको छ (वत्स, २०८० क, पृ.६३-६४) ।

यहाँ सावित्रीलाई तताएको सुनजस्तै स्वरूप भएकी, सनातन परमेश्वरी, वेदहरूकी माता, ज्ञान र विज्ञानकी मूर्तिलगायत विभिन्न उपमा प्रदान गरिएको छ (वत्स, २०८० क, पृ.७८) । ईश्वरीय स्वरूपमा आएका यी नारीशक्तिहरू अलौकिक गुण र क्षमताले भरिएका र मानव समाजका हितमा सधैँ उत्प्रेरित रहेका देखिन्छन् । यिनीहरूको प्रमुख उद्देश्य नै समाजलाई ज्ञान, बुद्धि, ऐश्वर्य, सुरक्षा प्रदान गर्नु र मानवहितमा लाग्नुले यिनीहरूको सामाजिक स्थान र भूमिका सर्वोच्च रहेको पुष्टि गर्दछ । नारीशक्तिको उपासनाको यो समयले आदिम जङ्गली युगको प्रतिनिधित्व गर्दछ । जुन समाजमा नारीहरू सर्वोच्च शक्तिका रूपमा रहेका थिए ।

## वैदिककालीन नारीको परिचयमा चित्रित मानवीय नारीस्वरूपहरू

*वैदिककालीन नारीको परिचय*मा मानवीय स्वरूपका नारीहरूका कथाहरू पनि आएका छन् । यस ग्रन्थमा आएका लोपामुद्रा, अनुसूया, प्रतिथेयी-लगायतका नारीहरू मानवीय स्वरूपका नारीहरू हुन् । यी नारीहरूमध्ये केही नारीहरू मन्त्रहरूका द्रष्टा पनि हुन् । यी महिला ऋषिहरू मन्त्रद्रष्टा भएको तथ्यले त्यस समयमा महिलाको शैक्षिक स्थिति पुरुषसमान नभए पनि केही मात्रामा विकसित थियो र केही नारीहरू शास्त्रार्थ गर्न सफल थिए भन्ने प्रस्ट हुन्छ । वैदिक अदीति, अपाला, इन्द्राणी, उर्वशी, गोधा, घोषा, नुहू, यमी, रोमाशा, लोपामुद्रा, वाक्, विश्ववारा, शची, शाश्वती, शरमा सूर्याजस्ता कालमा द्विजातीय स्त्रीहरूले पुरुषसरह वेद आदि शास्त्रको अध्ययन गरेर ज्ञानआर्जन गरेको इतिहास पाइन्छ (काफ्ले, २०८०, पृ. ६३) ।

यस ग्रन्थमा वैदिकालीन नारीका रूपमा चित्रित गरिएकी लोपामुद्राले प्रथम मण्डलको १७९औँ सूक्त साक्षात्कार गरेकी छन् । अगस्त्यकी धर्मपत्नी रहेकी लोपामुद्राले आफ्नो सदाचार, सतीत्व र धर्मप्रतिको आस्थासहितका सद्गुणका कारणले परिचित थिइन् (वत्स, २०८० क, पृ.११५) । त्यस्तै लोपामुद्राकी बहिनी प्रतिथेयीलाई आफ्नो पति दधीचिलाई विभिन्न अवस्थामा महत्त्वपूर्ण ज्ञान र विवेक प्रदान गर्ने बौद्धिक नारीका रूपमा चित्रित गरिएको छ (वत्स, २०८० क, पृ.१२८) । राजा हरिश्चन्द्रकी पत्नी र रोहिताश्वकी माता शैव्यालाई एक बुद्धिमान्, विनयशील, नैतिकवान् आदर्श नारीका रूपमा चित्रित गरिएको छ (वत्स, २०८० क, पृ.१३१) ।

यी मानवीय स्वरूपमा आएका नारीहरूको जीवन कथाको अध्ययनले वैदिककालीन मानव समाजमा नारीहरूको स्थान सम्मानजनक रहेको यथार्थता चित्रण गरेका छन् । साथै यी नारीहरूको अध्ययनबाट मानव समाजको गति आदिम जङ्गली अवस्थाबाट विकसित हुँदै अगाडि बढ्ने क्रममा विवाह संस्थाको उत्पत्ति भएर नारीहरू पातिव्रत्य धर्मलाई परमधर्मका रूपमा स्वीकार गर्ने अवस्थामा आइपुगेको स्थिति पनि देख्न सकिन्छ ।

यस पुस्तकमा लोपामुद्रालाई अगस्त्यकी धर्मपत्नी र अदीतिलाई मन, वचन र कर्मले पतिको सेवा गर्ने पतिको आज्ञाअनुसार विभिन्न उत्तम र कठोर व्रतका नियमहरूको पालना गर्दै धर्मको अनुष्ठानमा लागिरहने नारीका रूपमा प्रस्तुत गरिएको छ । देवहूतिलाई तन, मन र प्राणले पति कर्दमको सेवा गर्ने पत्नीका रूपमा र सन्ध्यालाई वशिष्ठकी धर्मपत्नीका रूपमा चित्रित गरिएको छ । लगभग सबै मानवीय स्वरूपमा आएका नारीचरित्रलाई प्रतिव्रता नारीका रूपमा चित्रित गरिएको छ । पतिसेवामा खटिनुलाई उत्तम धर्मका रूपमा चिनाइएको अवस्थाले त्यस समयमा एकल विवाहको स्थापना भएर नारीहरूको सामाजिक स्थान शक्तिप्रदायक, ऐश्वर्यप्रदायक, सुरक्षाप्रदायक शक्तिबाट खुम्चिँदै क्रमशः पारिवारिक भूमिका र पतिव्रता पत्नीमा सीमित हुन पुगेको अवस्था चित्रित गरेको छ ।

यसले विवाह र परिवारजस्ता संस्थाहरू नारीलाई पारिवारिक व्यवस्थाभित्र सीमित गराएर पातिव्रत्यमा अल्झाउने माध्यम भएको बोध गराउँदछ । समग्रमा यसले मानव सभ्यताको आदिम युग नारी र पुरुषबिचको सहअस्तित्व र सहयात्राका साथ अगाडि बढेको उल्लेख गरिएको छ । यसका साथै समाज विकासका क्रममा नारीको सामाजिक स्थान क्रमशः खुम्चिँदै गएको अवस्था चित्रित गरेको छ ।

## वैदिकालीन नारीको परिचयमा चित्रित नारीको सामाजिक भूमिका

*वैदिककालीन नारीको परिचय*मा वैदिक समाजमा नारीहरूको सामाजिक भूमिका र स्थान महत्त्वपूर्ण रहेको उल्लेख गरिएको छ । यहाँ ईश्वरीय चरित्रका रूपमा आएका नारीहरू शक्तिशाली भूमिकामा रहेको देखिएका छन् । मानवीय चरित्रका रूपमा आएका नारीहरूको सामाजिक स्थान उच्च देखिए पनि उनीहरू सम्पूर्ण समाजका लागि भन्दा पतिका सेवक, सहयोगी र सल्लाकारका रूपमा उपस्थित भएका छन् । यस पुस्तकमा ईश्वरीय पात्र सतीलाई साक्षात् आनन्दस्वरूपिणी आद्या प्रकृतिका

रूपमा चित्रित गरिएको छ । यो संसारमा व्यक्त र अव्यक्त सबै उनैका स्वरूप भएको चित्रण गरिएको छ । उनी कोटीकोटी ब्रह्माण्डकी जननी भएको, उनको आँखीभौँको खेलवाडले संसारको सृष्टि, पालन तथा संहारसहितका कार्य हुने धारणा व्यक्त गरिएको छ (वत्स, २०८० क, पृ.४३) । यस समग्र जगत्की कारणस्वरूपिणी अद्यापराशक्तिका तीनवटा स्वरूप महाकाली, महालक्ष्मी, महासरस्वती भएको र विशुद्ध सत्त्वगुणको अंशबाट महासरस्वतीका रूपमा प्रकट हुने जनाइएको छ । उनलाई ऐश्वर्यप्रदायक, पवित्रता, पोषण र बुद्धिमताप्रदायक शक्तिका रूपमा उपासना गर्दै सर्वोच्च स्थान प्रदान गरिएको छ । ऋग्वेदको प्रथम मण्डलको तेस्रो सूक्तको दसौँ श्लोकमा सरस्वतीस्वरूपा नारीशक्तिको यसप्रकार आवाहन गरिएको छ–

*पावका नः सरस्वती वाजेभिर्वाजिनीवती ।*
*यज्ञं वष्टु धियावसुः ॥१०॥*

(सरस्वतीले पवित्र बनाउँछिन्, पोषण दिन्छिन् र उनी बुद्धिमतापूर्वक ऐश्वर्य दान गर्छिन् । उनै देवी सरस्वतीले ज्ञान र कर्मद्वारा हाम्रो यज्ञ सफल गराइदिऊन् (ऋग्वेद, २०६३, पृ.३) ।

उपर्युक्त श्लोकमा पवित्रता, पोषण, बुद्धिमता र ऐश्वर्यप्रदायक शक्तिका रूपमा सरस्वतीको बन्दना गरिएको छ । यहाँ उनलाई सत्यमा लाग्न उत्प्रेरित गर्ने, शिक्षिका र ज्ञानप्रदायिनी मानिएको छ (वत्स, २०८० क, पृ.३६) । उनको ज्ञान र कर्मले नै यज्ञ सफल हुने भनाइले नारीहरूमा ज्ञानको असीमित भण्डार रहेको प्रस्ट पारिएको छ । तत्कालीन समाजमा उनीहरूले गर्ने कर्म सधैँ सत् र असल भएको अवस्था चित्रित गरेको छ । यसले तत्कालीन समाजमा नारीहरू ऐश्वर्य र सफलताको प्रतीकका रूपमा रहेको अवस्था चित्रित गरेको छ । यस कृतिमा वाग्देवीका रूपमा रहेर सरस्वतीले बुद्धि, ज्ञान र धन प्रदान गरेको सन्दर्भ प्रस्तुत भएको छ । जुन कुरा ऋग्वेदको दसौँ मण्डलको १२५औँ सूक्तमा आएकी वागाम्भृणी वा वाग्देवी सरस्वतीले भनेकी छन्–

*अहं राष्ट्री सङ्गमनी वसूनां चिकीतुषी प्रथमा याज्ञियानाम् ।*
*तां मा देवा व्यदधुः पुरुत्रा भूरिस्थात्रां भूर्यावेशयन्तीम् ॥३॥*

जगदीश्वरी, धनप्रदात्री, ज्ञानवती र यज्ञका उपयोगी देवतामा सर्वोत्तम वाग्देवी मै हुँ । मेरो स्वरूप विभिन्न रूपमा विद्यमान छ र आश्रयस्थान पनि बिस्तृत छ । सबै देवताले भिन्नभिन्नरूपले मलाई नै प्रतिपादन गर्छन् (ऋग्वेद, २०६३, पृ.१८) ।

उपर्युक्त श्लोकमा नारीशक्तिको विश्वव्यापकता, शौर्य, शक्ति र सार्वभौमिकताको चित्रण पाइन्छ । यहाँ उनले जगदीश्वरी, धनप्रदात्री, ज्ञानवती आफू नै भएको बताएकी छन् । देवता र मानवले श्रद्धापूर्वक मनन गर्ने विचारका सन्देश आफूबाट नै प्रसारित हुने, आफू द्युलोक र पृथ्वी दुवैमा व्यापक भएर रहने भाव व्यक्त गरेकी छन् । सर्वोच्च स्थानको दिव्य लोक आफूले नै प्रकट गरेको, समस्त लोक बनाएर आफू वायुजस्तै सबै ठाउँमा विचरण गर्ने, आफ्नो महिमा स्वर्गलोक र पृथ्वीभन्दा पनि महान् भएको धारणा व्यक्त गरेकी छन् (ऋग्वेद, २०६४, पृ.१००४-१००५) ।

यस कृतिमा वाणीकी देवीका रूपमा वाग्देवी सरस्वतीले अनेकौँ प्रकारले संसारको कल्याण गर्ने, बुद्धि, ज्ञान तथा विद्याका रूपमा समग्र जगत्ले उनको अनुकम्पाको अनुभूति गर्ने कुरा बताइएको छ (वत्स, २०८० क, पृ. ७५) । सरस्वतीका बारेमा व्यक्त भएका यी विचारले तत्कालीन समाजमा नारीहरू निर्माणकर्ताका साथै प्रदायक शक्तिका रूपमा स्थापित भएको र समाजमा उनीहरू सर्वोच्च र गरिमामय अवस्थामा रहेको यथार्थ प्रस्तुत गरेका छन् ।

यी श्लोकहरूले तत्कालीन समाजमा मातृसत्ता प्रबल भएको स्पष्ट पारेका छन् । यसका साथै सामाजिक महत्त्वका निर्णयहरूमा नारीको भूमिका निर्णायक रहन्थ्यो भन्ने यथार्थ पनि देखाएका छन् । यो समग्र संसार महालक्ष्मीबाटै प्रकट भएको, स्थूल, सूक्ष्म, देख्न सकिने, नदेखिने, व्यक्त, अव्यक्त सबै यिनैका स्वरूप भएको आसय व्यक्त भएको छ । उनले आफ्ना भक्तहरूप्रति अनुकम्पा गर्ने अभिप्रायले सधैँ परम अलौकिक ज्ञानमय सगुणरूपले पनि विराजमान हुन्छिन् (वत्स, २०८० क, पृ. ६३) भन्ने

धारणा, लक्ष्मी सबैभन्दा उत्तम पराशक्ति तथा सबै विकृतिहरूकी प्रधान प्रकृतिका रूपमा चित्रित भएको मान्यता व्यक्त गरेका छन् । त्यस्तै गायत्री सुखप्रदायनी, मोक्षप्रदायनी, सनातन परमेश्वरी, ज्ञान र विज्ञानकी मूर्ति, वेदहरूकी माता, परब्रह्मरूपिणीका रूपमा चित्रित अवस्थाले (वत्स, २०८० क, पृ.७७) पनि त्यस समाजमा बुद्धिप्रदायक, धनप्रदायक, सुरक्षाप्रदायक सर्वोच्च शक्तिका रूपमा नारीशक्तिको उपासना हुने गरेको यथार्थ चित्रित गरेको छ ।

महाशक्तिका रूपमा रहेर नारीहरूले अनेकौँ युद्धहरू गरेका र न्यायको स्थापना गरेका कथाहरू पनि वैदिकालीन कथाहरू नै हुन् । तिनैमध्ये उग्रचण्डी, महाकाली, भद्रकाली स्वरूप कात्यायनीका विभिन्न स्वरूप भएकाले (वत्स, २०८० क, पृ.८५) तत्कालीन समाजमा नारीहरू शक्ति र शौर्यको प्रतीकका रूपमा रहेको र समाजमा नारीहरूको शक्तिशाली स्थान रहेको पुष्टि गर्दछ । यसरी हेर्दा यस कृतिमा प्रस्तुत भएका वैदिकाकालीन नारीहरूका कथाले त्यस समाजले नारीहरूलाई शक्तिको स्रोतका रूपमा, बुद्धिप्रदायक प्रमुख शक्तिका रूपमा र ऐश्वर्यप्रदायक सर्वोच्चतासहित समाजका हरेक तहमा उच्च आसनमा राखेको यथार्थता प्रस्तुत गरेका छन् ।

वैदिक समाज व्यवस्था आदिम साम्यवादी सामूहिक प्रणालीबाट क्रमशः बर्बर युग हुँदै वैज्ञानिक विकास र सभ्यतातर्फ अगाडि बढेको चित्रण गरिएको छ । यही बिन्दुमा सामूहिकताको अन्त्य भएर व्यक्तिगत उत्पादन र उपभोगपद्धतिको स्थापनासँगै समाजमा पितृसत्ताको भ्रूण विकसित हुँदै गरेको अवस्था देखिन्छ । यसले समाजमा नारीलाई पतिव्रता र पुरुषकी सेवकका रूपमा स्थापित गरेको छ भन्ने तथ्यलाई मानवीय स्वरूपमा आएका नारीका भूमिका र अवस्थाले चित्रित गरेको छ ।

यस पुस्तकमा शतरूपा, देवहूति, अरुन्धती, अनुसूया, लोपामुद्रालगायत मानवीय नारीचरित्रलाई पतिव्रता नारीका रूपमा चित्रित गरिएको छ । पतिव्रता भएका कारणले नै उनीहरू शक्तिशाली भएको अवस्था देखाइएको छ । पतिव्रता भएकैले शक्तिशाली भएकी अरुन्धती, सरस्वतीले समेत ईर्ष्या गर्ने तहमा पतिव्रता धर्म निभाएकी अनुसूया, सदा पति दधीचिकै सेवामा लाग्ने प्रतिथेयी (वत्स, २०८० क, पृ.११७/१२६) ले समाजको सर्वोच्च शक्ति र आदिशक्तिका रूपमा रहेर भूमिका निर्वाह गरेका थिए । उक्त सन्दर्भले नारीहरू क्रमशः पारिवारिक भूमिकाभित्र र पतिसेवा वरिपरि घुम्न थालेको सन्दर्भ देखाउँछन् । यसले मानव समाजको आदिम युगमा सामाजिक रूपमा अत्यन्तै शक्तिशाली रहेको मातृशक्ति बिस्तारै पतिव्रतमा आधारित हुँदै गरेको र समाजमा क्रमशः पितृसत्तात्मक चेतना विकसित हुँदै गरेको अवस्था चित्रित गरेको छ ।

## निष्कर्ष

*वैदिककालीन नारीको परिचय*मा विश्वकै प्राचीनतम ग्रन्थका रूपमा रहेको ऋग्वेदमा वर्णित नारीको सामाजिक स्थान महत्त्वपूर्ण रहेको र समाजमा उनीहरूको शक्तिशाली भूमिका रहेको अवस्था प्रस्तुत गरिएको छ । यस पुस्तकमा सङ्गृहीत वैदिककालीन नारीका कथाको अध्ययनबाट वैदिक युगले समाज विकासको लामो अवधि पार गरेको स्पष्ट हुन्छ । यस अवधिभित्र पनि सुरुवाती समयमा नारीहरूले निर्माणकर्ता, संरक्षक, बुद्धिदायक, ऐश्वर्यदायक आदि विभिन्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए । उनीहरू समाजमा सर्वोच्च शक्तिका रूपमा रहेका र पछिल्लो चरणमा उनीहरूको सामाजिक स्थान र भूमिका क्रमशः केही कमजोर हुँदै गएको अवस्थाको विश्लेषण गरिएको छ । यी नारीहरूका कथाले मानव समाज आदिम जङ्गली युग, बर्बर युग हुँदै वैज्ञानिक सभ्य समाजतर्फ अघि बढिरहेको समाज विकासको गतिलाई चित्रित गरेका छन् । यी कथाले सामाजिक जिम्मेवारीको केन्द्रीय तहमा रहेर मुख्य भूमिका निर्वाह गरेका नारीको शक्तिशाली सर्वोच्च सामाजिक स्थान रहेको स्पष्ट पारेको छ । यसका साथै वंशको पहिचानका लागि एकनिष्ठ विवाहपद्धतिको बाटोमा अगाडि बढ्दै गरेको चित्रण गरिएको छ । पातिव्रत्यमा आधारित जीवन र यसमार्फत निर्वाह गर्नुपर्ने भूमिकाभित्र आबद्ध हुँदै गरेको नारीजीवनको चित्रण गरेका छन् । यद्यपि आद्यनारीका रूपमा नारीशक्तिको उपासना,

ऐश्वर्यप्रदायकका साथै संरक्षक र संहारकका रूपमा नारीशक्तिको स्तुति र वन्दना, शास्त्रार्थ वा शिक्षा क्षेत्रमा नारीहरूको उपस्थिति राम्रो थियो । उनीहरूले शिक्षा, सुरक्षालगायतमा निर्वाह गरेको भूमिकाका साथै नारीहरूमा निहित रहेको अस्तित्वपूर्ण जीवनयापनको अवस्थालगायतले समाजमा नारीहरूको गरिमापूर्ण र सम्मानजनक सामाजिक अवस्था चित्रित गरेका छन् ।

## सन्दर्भ सामग्रीसूची


एङ्गेल्स, फ्रेडरिक (राजेन्द्र मास्के, अनु.) (२०४४). *परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति.* काठमाडौँ : प्रगति प्रकाशन, (मूल कृति प्रकाशन सन् १८८४) ।

काफ्ले, प्रियवँवदाम्बा (२०८०). 'समाजमा नारीको आध्यात्मिक भूमिका र चुनौती'. *समाज अन्वेषण,* १/१, पृ.६३-६९ ।

चौलागाई, प्रेम (२०७७). 'वैदिक साहित्यमा नारी' भृकुटी, पृ.२४०-२६५ ।

दीक्षित, मदनमणि (२०६९). *ऋग्वैदिक नारी चरित्र.* काठमाडौँ : मञ्जरी पब्लिकेसन ।

पौड्याल, वीणा (२०७७). 'वैदिक समयका नारीहरू'. *भृकुटी,* २०७७, पृ.३८५-३८७ ।

बेबेल, फ्रेडरिक (कृष्णदास श्रेष्ठ, अनु.) (२०५९). *अतीत, वर्तमान र भविष्यमा महिला.* काठमाडौँ : पैरवी प्रकाशन, (मूल कृति प्रकाशन सन् १८८५) ।

लुइटेल, तिलकप्रसाद (अनु.) (२०६३). *ऋग्वेद.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, तिलकप्रसाद (२०६३). 'मैले भन्नैपर्ने'. *ऋग्वेद.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

वत्स, नारायण (२०८० क). *वैदिककालीन नारीको परिचय.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

वत्स, नारायण (२०८० ख). *वेदवेदाङ्गको परिचय.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

https://en.wikipedia.org/wiki/Strength_theory.


■